annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १६ पृष्ठ १२ | काठमाडौं, शुक्रबार २ जेठ २०८२ | जेष्ठ कृष्णपक्ष चतुर्थी नेपाल संवत् ११४५ | FRIDAY, MAY 16, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# टेरामक्समा ३ अर्बको भ्रष्टाचार, पूर्वमन्त्रीसहित १६ विरुद्ध मुद्दा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल टेलिकमको टेरामक्स खरिद प्रक्रियामा दोषी ठहर गर्दै सत्तासीन कांग्रेसकै एक नेतासहित १६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दर्ता गरेको छ । साना माछा मात्रै पक्राउ गर्ने गरेको आरोप लागिरहेका बेला अख्तियारले सत्तासीन दलकै सांसदसहित १६ जनाविरुद्ध भ्रष्टाचारको अर्को ठूलो मुद्दा विशेष अदालतमा दर्ता गरेको हो ।

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | काठमाडौं
- को रिपोर्ट

## कसलाई कति बिगो र कति सजाय माग ?



नाम : **मोहनबहादुर बस्नेत**
पद : पूर्वसञ्चार तथा सूचना प्रविधिमन्त्री हाल प्रतिनिधिसभा सांसद
बिगो : ३,२१,८३,७७,१८२
कैद : १८ वर्षसम्म



नाम : **पुरुषोत्तम खनाल**
पद : तत्कालीन अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण
बिगो : ३,२१,८३,७७,१८२
कैद : १७ वर्षसम्म



नाम : **दिगम्बर झा**
पद : तत्कालीन अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण
बिगो : ३,२१,८३,७७,१८२
कैद : १७ वर्षसम्म

नाम : **धनराज ज्ञवाली र टीकाप्रसाद उप्रेती**
पद : तत्कालीन सदस्य, नेपाल दूरसञ्चार प्राधिकरण
बिगो : ३,२१,८३,७७,१८२
कैद : १४ वर्षसम्म

नाम : **हिरण्यप्रसाद बस्ताकोटी**
पद : उपनिर्देशक, नेपाल दूरसञ्चार प्राधिकरण
बिगो : ३,२१,८३,७७,१८२
कैद : १५ वर्षसम्म

नाम : **सन्दीप अधिकारी**
पद : उपनिर्देशक, नेपाल दूरसञ्चार प्राधिकरण
बिगो : ३,२१,८३,७७,१८२
कैद : १४ वर्षसम्म

नाम : **विजयकुमार राय**
पद : निर्देशक, नेपाल दूरसञ्चार प्राधिकरण
बिगो : ३,२१,८३,७७,१८२
कैद : १५ वर्षसम्म

नाम : **अच्युतानन्द मिश्र**
पद : उपनिर्देशक, नेपाल दूरसञ्चार प्राधिकरण
बिगो : ३,२१,८३,७७,१८२
कैद : १५ वर्षसम्म

नाम : **जमाल अनौटी**
पद : सीईओ, भ्यानराइज सोलुसन सल -अफसोर
बिगो : ३,२१,८३,७७,१८२
कैद : १८ वर्षसम्म

नाम : **रेवती राम पन्थ**
पद : उपनिर्देशक, नेपाल दूरसञ्चार प्राधिकरण
बिगो : ३,२१,८३,७७,१८२
कैद : १५ वर्षसम्म

नाम : **सुरेन्द्रलाल हाडा**
पद : निर्देशक, नेपाल दूरसञ्चार प्राधिकरण
बिगो : ३,२१,८३,७७,१८२
कैद : १४ वर्षसम्म

नाम : **दिलिपकुमार गुरुङ**
पद : अध्यक्ष कलेक्सन ट्रेड लिंक प्रालि
बिगो : ३,२१,८३,७७,१८२
कैद : १८ वर्षसम्म

नाम : **सुरेश बस्नेत**
पद : उपनिर्देशक, नेपाल दूरसञ्चार प्राधिकरण
विगो : ३,२१,८३,७७,१८२
कैद : १५ वर्षसम्म

नाम : **दिपेश आचार्य**
पद : निर्देशक, नेपाल दूरसञ्चार प्राधिकरण
बिगो : ३,२१,८३,७७,१८२
कैद : १४ वर्षसम्म

नाम : **तेजप्रसाद खरेल**
पद : निर्देशक, कलेक्सन ट्रेड लिंक प्रालि
बिगो : ३,२१,८३,७७,१८२
कैद : १८ वर्षसम्म

## गाजा आक्रमणमा १०० बढी मारिए



**गाजा** (एजेन्सी) : प्रतिबन्धित गाजामा इजरायली आक्रमणबाट १०० भन्दा बढीको मृत्यु भएको प्यालेस्टिनी उद्धारकर्ताहरूले बिहीबार जानकारी दिएका छन्। अमेरिका समर्थित एक संगठनले यस महिनाको अन्त्यसम्ममा सहायता वितरण सुरु गर्ने बताइरहेका बोला बिहीबार बिहानैदेखि 'वेस्ट व्यांक' क्षेत्रमा इजरायली सेनाद्वारा व्यापक हवाई आक्रमण भएको हो।

इजरायली सेना प्रमुखले भने, 'एक गर्भवती इजरायली महिलाको ज्यान जाने गरी भएको आक्रमणको दोषी पत्ता लगाउने क्रममा कब्जा गरिएको पश्चिम किनारामा छापा मार्ने क्रम जारी छ र सडक अवरुद्ध भएको छ।'

गाजाको नागरिक सुरक्षा निकायका अनुसार बिहीबार बिहानैदेखि इजरायली बमबारीमा परी मृत्यु हुनेको संख्या १०३ पुगेको छ। इजरायलले मार्च २ मा गाजा प्रवेशमा सबै सहायता रोकेको थियो भने मार्च १८ मा पुन: सैन्य कारबाही सुरु गरेको थियो।

ह्युमन राइट्स वाच (एचआरडब्लू) का अन्तरिम कार्यकारी निर्देशक फेडेरीको बोरेलोले बिहीबार एक विज्ञप्ति जारी गर्दै भने, 'इजरायलको नाकाबन्दीले सैन्य रणनीतिलाई उछिनेर विनाशको स्रोत बनेको छ।'

एचआरडब्लूले भनेको छ, 'गाजाको नागरिक संरचना भत्काउने र प्यालेस्टिनी जनसंख्यालाई एउटा सानो क्षेत्रमा केन्द्रित गर्ने इजरायली सरकारको योजनाले मानवताविरुद्ध जारी अपराध, जातीय सफाया र नरसंहारको घृणित कार्यलाई व्यापक रूपमा बढाउनेछ।' उत्तरी गाजाका ४३ वर्षीय प्यालेस्टिनी अमिर सेल्हाले इजरायलले रातभर तीव्र गोलाबारी गरेको बताए। उनले भने, 'यो क्षेत्र मानिसहरू र टेन्टहरूले भरिएको छ र यहाँ ट्यांकीका गोलाहरू चौबीसै घण्टा प्रहार भइरहेका छन्।'

उनले बिहानै इजरायली सेनाको ड्रोनले आफ्नो छिमेकमा पर्चा खसालेको र त्यहाँका बासिन्दालाई दक्षिणतर्फ जान चेतावनी दिएको बताए। इजरायल र हमासबीच १९ महिना सम्म चलेको युद्धका क्रममा गाजाका अधिकांश नागरिक कम्तीमा एकपटक विस्थापित भएका छन्।

# फोक्सिङटारको बेलिब्रिज हटाइने, खोटाङवासीका दु:खका दिन सुरु

रत्नप्रसाद आचार्य | खोटाङ

खोटाङ-उदयपुर जोड्ने सुनकोशीको फोक्सिङटारमा जडान गरिएको बेलिब्रिज हटाइने भएको छ। तराईका जिल्लासँग जोड्ने प्रमुख नाकाका रूपमा रहेको फोक्सिङटारको बेलिब्रिज हटेपछि खोटाङ-उदयपुर सीधा यातायात अवरुद्ध हुँदै छ।

गत असोज १२ गते आएको बाढीले फोक्सिङटारको पक्की पुल बगायो। खोटाङ-उदयपुर आवतजावत गर्ने यातायातका साधन बन्द भए। प्रधानमन्त्री केपी ओलीको निर्देशनमा सडक विभागले बेलिब्रिज जडान गर्‍यो, खोटाङवासीलाई प्रदेश राजधानी विराटनगर र तराईका जिल्ला आवतजावतमा सहज भयो। तर, त्यही बेलिब्रिज हटाउने खबरले स्थानीय चिन्तित छन्।

गाईघाट-दिक्तेल सडक आयोजनाका प्रमुख इन्जिनियर पशुपति ज्ञवालीले सुनकोशीमा बाढी आउन थालेपछि जेठ ५ देखि बेलिब्रिज हटाउन लागेको जानकारी दिए। उनले बेलिब्रिज झिक्ने मजदुर सहितको प्राविधिक टोली तयारी अवस्थामा राखिएको बताए। खोटाङवासीले भने जेठ १५ सम्म बेलिब्रिज नहटाउन आग्रह गरेका छन्।



सुनकोशीको फोक्सिङटारमा जडान गरिएको बेलिब्रिज ।
● रत्नप्रसाद आचार्य

असोजदेखि कष्टकर जीवन बिताएका खोटाङवासीलाई सुबिधा दिने उद्देश्यले सरकारले गत पुस २७ गतेदेखि फोक्सिङटारमा बेलिब्रिज सञ्चालनमा ल्याइएको थियो। फोक्सिङटारमा बेलिब्रिज जडान गरिएपछि खोटाङ सदरमुकाम दिक्तेल बजारदेखि गाईघाट, बेलटार, धरान, इटहरी, बिराटनगर, दमक र बिर्तामोडसम्ममा यातायातका साधन सञ्चालनमा आएका थिए।

बेलिब्रिज झिकेपछि खोटाङ-उदयपुर सीधा सम्पर्क टुट्ने र जिल्लावासीलाई तराईका जिल्ला झर्न गम्भीर समस्या हुने नेकपा एमाले खोटाङका उपाध्यक्ष कुमार आचार्यले बताए। उनले हाल वर्षात नभएकाले जेठ १५ सम्म फोक्सिङटारको बेलिब्रिज नहटाउन अनुरोध गरेका छन्। बेलिब्रिज हटाइएपछि सगरमाथा लोकमार्गको गाईघाट-दिक्तेल सडकमा यातायातका साधनहरू सञ्चालन बन्द हुने भएका छन्।

जसका कारण जिल्लावासीहरूलाई दैनिक उपभोग्य वस्तुको खरिद र उपचारका लागि धरान विराटनगरका अस्पताल सम्म जान समस्या हुने भएको छ।

» बाँकी पृष्ठ ६

" Drive Green, Breathe Clean "

## रूसी सेनामा नेपाली भर्ना नलिन प्रधानमन्त्रीको आग्रह



**काठमाडौं** (अन्नपूर्ण) : प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली युवालाई रूसी सेनामा भर्ना नगर्न रूस सरकारसँग आग्रह गरेका छन्। रूसी महासंघ अन्तर्गतको काल्मिकियाका प्रमुख बाटु कासिकोभ नेतृत्वको प्रतिनिधिमण्डलसँग भेटवार्ताका क्रममा प्रधानमन्त्री ओलीले यस्तो आग्रह गरेका हुन्।

प्रधानमन्त्री ओलीले उक्त सन्देश रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई सुनाइदिन आग्रह पनि गरे। उनले राष्ट्रपति पुटिनलाई नेपालको औपचारिक भ्रमणका लागि निमन्त्रणा दिए। 'नेपाल र रूसबीच कुनै सैन्य सम्झौता नभएको अवस्थामा रूसी सेनामा नेपालीलाई भर्ना नगर्न सम्माननीय राष्ट्रपति पुटिनलाई सन्देश सुनाइदिनुहोला,' प्रधाानमन्त्रीले भने। जवाफमा कासिकोभले नेपालीलाई अब भर्ना नगराइने प्रतिबद्धता जनाएका थिए। त्यस्तै उनीहरूबीच नेपाल र रुसबीचको मित्रवत् सम्बन्धका विविध आयामबारे छलफल भएको थियो।

# ३१ संस्थाको लेखापरीक्षण नै बाँकी

सुनिता कार्की | काठमाडौं

महालेखा परीक्षकको कार्यालयले सरकारको स्वामित्वमा रहेका ४३ संगठित संस्थालाई लेखापरीक्षण गर्न पटक-पटक निर्देशन दियो। तर, ३१ संस्थाले अझै लेखापरीक्षण नगरेको महालेखाको ६२औं प्रतिवेदनमा उल्लेख छ। त्यसैकारण महालेखाले संगठित संस्थानमा नीतिगत सुधारको खाँचो औंल्याएको छ। महालेखाको प्रतिवेदनमाथि सञ्चालक समितिमा छलफल गर्ने, जवाफ दिनेमा संगठित संस्था सञ्चालकमा जिम्मेवारीबोध नभएको प्रतिवेदनमा उल्लेख छ। महालेखाले ४३ संगठित संस्थाको ४५ आर्थिक वर्षको ४४ खर्ब ७ अर्ब ५ करोडको लेखापरीक्षण गरेको जनाएको छ।

आर्थिक वर्ष ०८०/८१ को लेखापरीक्षणमा थप ४२ संस्थाको ४७ आर्थिक वर्षको १५ खर्ब ७७ अर्ब ४९ करोडको लेखापरीक्षण गरिएको उल्लेख छ। महालेखाले पटक-पटक निर्देशन दिँदा पनि ३१ संगठित संस्थाले ८० आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराएका छैनन्। यो वर्ष सरकारको पूर्ण स्वामित्वका रहेका २१ संस्थाको ३८ आर्थिक वर्षको लेखापरीक्षण गर्न बाँकी रहेको छ। उदयपुर सिमेन्ट उद्योग, नेपाल पर्यटन बोर्ड, गुठी संस्थान, गोरखापत्र संस्थान, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, हेटौंडा सिमेन्ट उद्योग लिमिटेड, दुग्ध विकास संस्थान, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, नेपाल खानेपानी संस्थान, नेपाल टेलिभिजनलगायतको लेखापरीक्षण गराएका छैनन्।




उदयपुर सिमेन्ट उद्योग, नेपाल पर्यटन बोर्ड, गुठी संस्थान, गोरखापत्र संस्थान, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, हेटौंडा सिमेन्ट उद्योग लिमिटेड, दुग्ध विकास संस्थान, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, नेपाल खानेपानी संस्थान, नेपाल टेलिभिजनलगायतको लेखापरीक्षण गर्न बाँकी ।

त्यस्तै, नेपाल सरकारको अधिकांश स्वामित्व भएका १० संगठित संस्थाको पनि ४२ आर्थिक वर्षको लेखापरीक्षण पनि बाँकी रहेको छ। राष्ट्रिय बिमा कम्पनी, राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड, विशाल बजार कम्पनी, अपर तामाकोशी जलविद्युत् कम्पनी लिमिटेड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, साझा प्रकासन र नेपाल ओरिन्ड म्याग्नेसाइट प्राइभेट लिमिटेड लगायतको लेखापरीक्षण बक्यौता रहेको छ।

सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका संस्थानबाट सम्बद्ध सहायक कम्पनीमा सञ्चालक नियुक्ति वा मनोनयन हुँदा सरकारको समन्वयमा निर्णय नगरेको पाइएको छ। सार्वजनिक संस्थाबाट सहायक कम्पनीमा सञ्चालक नियुक्ति गर्ने विषय सरकारको अधिकार क्षेत्रभित्र पर्ने गरी नीतिगत व्यवस्था गर्न भनिएको छ।

केही सार्वजनिक संस्थानका सञ्चालक समितिको पारि श्रमिक र सुविधा विभिन्न ऐनमा टेकेर निर्धारण हुने हुँदा त्यसले एकरुपता नल्याएकाले सार्वजनिक संस्थानको सञ्चालक समितिको पारि श्रमिक र सुविधा सरकारले निर्धारण गर्ने गरी नीतिगत सुधार हुनुपर्ने सुझाएको छ। सरकारले संगठित संस्थामा लगानी गर्दा सेयर वा ऋणमा गर्ने लगानीको क्षेत्र यकिन गर्ने स्पष्ट नीति नभएका कारण लगानीको दायरा यकिन हुन सकेको छैन।

त्यस्ता संस्थाले सहायक कम्पनीको रूपमा नयाँ संस्था स्थापना गर्नेसम्बन्धी स्पष्ट मापदण्ड नभएको तथा त्यस्ता संस्थामा सर्वसाधारणलाई समेत सेयर निष्कासन गर्नु पर्दा संस्थाको लगानी तथा दायित्वमा पर्ने असरका बारेमा थप अध्ययन गर्ने गरेको देखिँदैन। कतिपय संस्थामा विभिन्न मन्त्रालयको बेग्लाबेग्लै सेयर स्वामित्व कायम गरी संस्था सञ्चालन रहेकोमा समग्रमा सरकार एउटै निकाय भएकाले तदनुरूप ऐन, नियममा संशोधन एवं पुनरावलोकन गर्नुपर्ने महालेखाको सुझाब छ।

अधिकांश संस्थाको लेखा ढाँचा तथा अभिलेख प्रणालीलाई सफ्टवेयर प्रणालीमा समाहित गरी वित्तीय सूचना एकीकृत नगरेको, नेपाल लेखामानहरू, लेखा नीति, लेखा टिप्पणी, ह्रास कट्टी, कर्मचारी दायित्वका लागि उचित आधारबाट बिमांकीय मूल्यांकन गरी दायित्व यकिन नगरेको लगायतका विषय प्रतिवेदनले उठाएको छ।

» बाँकी पृष्ठ ६